# गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रानीमत्ता, दैलेख
### कणाली प्रदेश, नेपाल

## एम्बूलेन्स सेवा सन्चालन निर्देशिका २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।१०।०५

प्रमाणिकरण मिति : २०७५।१०।०७

प्रमाणित गर्नेको दस्तखत :

# एम्बुलेन्स सेवा सन्चालन निर्देशिका, २०७६

प्रस्तावना:

देशको सबै भन्दा महत्वपुर्ण सम्पत्ति भनेको जनशक्ति हो । देशको जनशक्तिलाई सवल र सक्षम बनाउनको लागि जसरी ज्ञान, सीपको उपलब्धता आवश्यक पर्दछ, त्यसैगरी नै देशको जनशक्तिलाइ राष्ट्रको समूचित विकासमा उपयोग गर्नका लागि स्वस्थ्य राख्नू पनि राष्ट्रको त्यत्तिकै अहम दायित्व हून आउदछ । समाजका सबै वर्ग, तह, समूदाय, धार्मिक सांस्कृतिक क्षेत्रमा रहेको सबै जनशक्तिको समयमा रोगको उपचारका लागि उपर्यूक्त स्वास्थ्य संस्थासम्म पूग्न सक्ने वातावरण श्रृजना गर्नु पनि राज्यको दायित्व हो । हाम्रो सन्दर्भमा स्थानीय तहहरुबाट सामाजिक सेवा प्रवाह गर्ने प्रमूख र भरपर्दो स्वायत्त निकायको रुपमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र तत् सम्बन्धित नियम, कार्यविधि र निर्देशिकाले व्यवस्था गरेको छ । सो सम्बन्धमा स्वास्थ्य सेवाबाट समयमा उपचार पाउन नसकेका जनतालाई समयमा स्वास्थ्य सेवा उपलब्ध गराउन, सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध हूनसक्ने स्वास्थ्य संस्थामा विरामीलाई पूरयाउन सकियोस भन्ने अभिप्रायले यस गाउपालिकाले एम्बूलेन्स सेवा संचालनमा ल्याएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिम एम्बूलेन्स सेवालाई प्रभावकारी र व्यवस्थित बनाउन यो निर्देशिका तयार गरिएको हो ।

## परिच्छेद– एक
## प्रारम्भिक

**(१) प्रारम्भिक :**

(क) यो निर्देशिकाको नाम **"एम्बूलेन्स सेवा संचालन निर्देशीका, २०७६"** रहनेछ ।

(ख) यो निर्देशिका गाउ कार्यपालिकाको मिति २०७६/१०/०५ गतेको वैठकको निर्णयानूसार लागु गरिनेछ ।

**(२) परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनू पर्दछ ।

(ख) **"श्रेस्ता"** भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी खडा गरेको हिसाव कितावको अभिलेख सम्झनू पर्दछ र सो शब्दले कारोबारलाई प्रमाणित गर्ने अन्य सबै प्रकारका कागजात, विद्यूतिय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक बिबरण समेतलाई जनाउ छ ।

(ग) **"समिति"** भन्नाले दफा ३ (क) बमोजिमको एम्बूलेन्स सेवा संचालन समिति सम्झनु पर्दछ ।

(घ) **"कोष"** भन्नाले दफा ५ (क) बमोजिम प्राप्त हूने एम्बूलेन्स सेवा कोषलाई सम्झनू पर्दछ ।

(ङ) **"परिवार"** भन्नाले स्थानीय तहका कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नूपर्ने पति, पत्नी, छोरा-छोरी, अविवाहित छोरी, धर्मपूत्र, अविवाहित धर्मपूत्री, बाबू, आमा, वा सौतेनी आमा, सम्झन पर्दछ र सो शब्दले पूरुष कर्मचारीको हकमा निजको बाजे बज्यै तथा महिला कर्मचारीको हकमा निजको सासू, ससूरालाई सम्झनू पर्दछ ।

## परिच्छेद– दुई
## व्यवस्थापन समिति

**(३) व्यवस्थापन समितिको व्यवस्था :**

(क) एम्बूलेन्स सेवालाई बढी प्रभावकारी भरपर्दो र विश्वसनीय बनाई व्यवस्थितढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक एम्बूलेन्स सेवा सञ्चालन व्यवस्थापन समिति रहनेछः

(१) गाउ''पालिका अन्तर्गतको सामाजिक विकास समितिको संयोजक - संयोजक
(२) गाउ कार्यपालिकाबाट तोकिएको एक जना
महिला सदस्य सहित २ जना सदस्य - सदस्य
(३) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(४) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
(५) स्वास्थ्य विकास उपशाखा प्रमुख वा संयोजक - सदस्य
(६) जिन्सी उपशाखाको प्रमुख - सदस्य सचिव

(ख) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ र आवश्यक परेमा जूनसूकै बखतमा पनि बस्न सक्नेछ ।

(ग) बैठक बसेका बखत गाउँपालिकाले तोके बमोजिमको बैठक भत्ता संयोजक र सदस्यहरुले पाउनेछ ।

(घ) बैठकमा आवश्यकता अनुसार कसैलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिनेछ ।

**(४) <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>**

(क) व्यवस्थापन समितिको निम्नानुसारका काम, कर्तव्य र अधिकार हूनेछनः

(१) गाउपालिकामा रहेको एम्बूलेन्स सेवा संचालन सम्बन्धी कार्ययोजना तयार गर्ने,
(२) एम्बूलेन्स सेवालाई जनस्तरसम्म प्रभावकारी ढंगबाट संचालन गर्ने,
(३) एम्बूलेन्स सेवा संचालनका लागि लिइने सेवा शूल्क निर्धारणका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने,
(४) गरीव, असहाय, वृद्ध, अपांग, दलित, आदिवासी, जनजाती, मधेशीहरुको स्वास्थ्य सेवाको पहूंचसम्म एम्बूलेन्स सेवालाई परिचालन गर्ने,

(५) लक्षित वर्गको स्वास्थ्य उपचारका लागि परिचालित एम्बूलेन्स सेवा शूल्कमा सहूलियत प्रदानको व्यवस्था मिलाउने,

(६) स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यको आधारमा एम्बूलेन्स सेवा संचालन गर्ने,

(७) एम्बूलेन्स सेवा संचालन गर्ने संघ संस्थाहरुसंग समन्वय गर्ने,

(८) एम्बूलेन्सको मर्मत सम्भारको लागि उचित प्रबन्ध गर्ने, ।

(९) एम्बूलेन्स सेवा संचालनको अनूगमन गर्ने ।

(१०) एम्बूलेन्स सेवा संचालनको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(११) गाउँपालिका भित्र सञ्चालनमा आएका एम्बूलेन्स सेवाहरुको अध्यावधिक अभिलेख तयार गर्ने ।

## परिच्छेद - तीन
## कोषको स्थापना

**(५) <u>कोषको स्थापनाः</u>**

(क) एम्बूलेन्स सेवा कोषमा देहाय बमोजिमको रकम जम्मा हूनेछ :

(१) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(२) विदेशी राष्ट्रबाट प्राप्त अनुदान रकम ।

(३) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग रकम ।

(४) राष्ट्रिय गैर सरकारी संघ/संस्थाबाट प्राप्त सहयोग रकम ।

(५) अन्तर स्थानीय तहबाट प्राप्त सहयोग रकम ।

(६) चन्दादाता/सहयोगी व्यक्तिबाट प्राप्त सहयोग रकम ।

(७) सेवा संचालनबाट प्राप्त सेवा शूल्क वापतको रकम ।

(ड) विविध श्रोतबाट प्राप्त रकम ।

**(६) <u>कोष संचालनः</u>**

(क) कोषको नाममा प्राप्त हून आएको रकम गाउ''पालिकामा "एम्बूलेन्स सेवा कोष" नामको खाता खोलि जम्मा गरिनेछ ।

(ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आीर्थक प्रशासन शाखा प्रमुखको संयूक्त दस्तखतबाट कोषको खाता सञ्चालन हूनेछ ।

(ग) कोषको श्रेस्ता स्थानीय सरकारले तोकिए बमोजिम राख्नु पर्नेछ ।

(घ) दफा (८) बमोजिम तोकिएको सेवा शूल्क एम्बूलेन्स सेवा सवारी चालकले सेवाग्राहीबाट असूल गरी सेवा शूल्क वापतको रकम कोष संचालकको जिम्मा लगाई असूल गरेको भोलिपल्ट दाखिला गर्नूपर्नेछ । प्राप्त सेवा शूल्क वापतको रकम सोही दिन कोषको खातामा दाखिला गर्नूपर्नेछ ।

(ङ) कोषको आन्तरिक लेखापरीक्षण गाउपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हूनेछ ।

(च) सेवाग्राहीबाट सेवा शूल्क असूल गर्दा सेवाग्राहीलाई नगदी रसिद उपलब्ध गराउनू पर्नेछ ।

(छ) कोषको रकमको चौमासिक र वार्षिक विवरण तयार गरी नियमित प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**(७) <u>कोषबाट हूने खर्चः</u>**

(क) दफा ५ बमोजिम कोषमा जम्मा हून आएको कोषको रकम देहाय बमोजिमको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ :

(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि नियूक्त सवारी चालक र अन्य कर्मचारीको पारिश्रमिक, भत्ता र सूविधा वापतको रकम ।

(२) एम्बूलेन्स सेवामा नियूक्त सवारी चालकको लागि तोकिएको न्युनतम टेलिफोन महसूल वापतको खर्च रकम ।

(३) एम्बूलेन्सको मर्मत सम्भार वापतको खर्च रकम ।

(४) एम्बूलेन्स सेवा संचालनको लागि लागेको इन्धन वापतको खर्च रकम ।

(५) एम्बूलेन्स सेवा प्रभावकारी रुपमा संचालनका लागि भएको प्रचार प्रसार वापतको खर्च रकम ।

(६) स्वास्थ्य सेवाको प्रचार प्रसार र स्वास्थ्य उपचार वापतको रकम ।

(७) एम्बूलेन्स सेवा संचालनका बखत दूर्घटनामा परि क्षतिपुर्ति उपलब्ध गराए वापतको रकम ।

(८) एम्बूलेन्स सेवा प्रवाहका बखत दूर्घटना परी स्वास्थ्य उपचार गराए वापतको रकम ।

(९) विमा वापतको रकम ।

## परिच्छेद - चार
## सेवा शुल्क सम्बन्धी व्यवस्था

**(८) सेवा शुल्कः**

(क) गाउपालिकाद्वारा सञ्चालित एम्बूलेन्स सेवा वापतको सेवा शूल्क **अनूसुची १** मा तोकिए बमोजिमको सेवा शूल्क लाग्नेछ ।

(ख) सेवा शूल्क सम्बन्धी हेरफेर तथा दफा संसोधन गर्नु परेमा दफा ३ बमोजिमको समितिको सिफारिसमा गाउ कार्यपालिकाले हेरफेर तथा संसोधन गर्नेछ ।

**(९) सेवा शुल्क छुटः**

(क) विरामी सेवाग्राहीको प्रमाण खूलेको आधिकारीक प्रमाणको प्रमाणित प्रतिलिपी सेवा लिंदाको बखत पेश भएमा **अनूसुची १** मा उल्लेख भएको सेवा शूल्कमा देहायको सेवाग्राहीहरुलाई देहायका दरले लाग्ने सेवा शूल्कमा छूट दिइने छ तर त्यस्तो आधिकारीक प्रमाण पेश नभएमा यस दफा बमोजिम दिइने सेवा शूल्कमा छूट दिइने छैन ।

(१) विद्यार्थी, दलित, आदिवासी, जनजाती, मधेशी, नेपाल सरकारको स्वास्थ्यसंग सम्बन्धित निकायहरुबाट सिफारिस भएका असहाय र ७५ वर्ष नाघेका जेष्ठ नागरिकलाई पच्चीस प्रतिशत छुट ।

(२) ७५ वर्ष नाघेका असहाय एकल महिलाहरुलाई पचास प्रतिशत छुट ।

(३) गाउँ पालिकामा कार्यरत कर्मचारी र तिनका परिवारलाई पच्चीस प्रतिशत छुट ।

## परिच्छेद - पाँच
## कर्मचारी व्यवस्था सम्बन्धी

**(१०) पदको किसिमः**

(क) एम्बूलेन्स सेवा संचालनका लागि गाउँ सभाबाट स्वीकृत अस्थायी सहायक स्तरका पद मात्र रहनेछन ।

(ख) सहायक स्तर हलूका सवारी चालक र आवश्यकता अनूसार गाउँ सभाबाट स्वीकृत अन्य अस्थायी पद रहन सक्नेछ ।

**(११) पदपूर्ति:**

(क) एम्बूलेन्स सेवा संचालनमा रिक्त रहेको पद करारबाट पुर्ति गरिनेछ ।

(ख) रिक्त पदको पदपुर्ति स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा गुरा"स गाउ"पालिका करार कर्मचारी प्रशासन सम्बन्धी कार्यविधि २०७५ बमोजिम हूनेछ ।

**(१२) <u>सुविधा:</u>**

(क) एम्बूलेन्स सेवा संचालनका लागि कार्यरत हलूका सवारी चालकले निम्नानूसारको सेवा सूविधा पाउने छन:

(१) नेपाल सरकारले सोही पदको लागि तोके सरहको तलव र भत्ता,

(२) दफा ५ को उपदफा (क) को खण्ड (५) बमोजिम प्राप्त हूने रकमको १० प्रतिशत रकम,

(३) टेलिफोन सुविधा वापत मासिक रु. ३००।०० (अक्षेरुपी रु.तीन सय),

(४) एम्बूलेन्स सेवामा कार्यरत सवारी चालकको संचित घर विदा र विरामी विदा वापत प्रत्येक वर्षको अन्त्यमा संचित भएको विदाको शूरु तलव स्केलबाट हून आउने रकम ।

(५) सवारी चालकले सुर्खेत र नेपालगन्जसम्म एमबुलेन्स सेवा संचालन गरेवापत भत्ताको रुपमा क्रमश: रु.५००।०० र रु.१०००।०० पाउन ।

(ख) एम्बूलेन्स सेवा संचालन बढी प्रभावकारी भई कोषमा उल्लेख्य रकम बृद्धि हून गएमा कार्य प्रभावकारीताको मुल्यांकन गरी दफा ३ बमोजिमको संचालक समितिको सिफारिसमा सवारी चालकको सेवा र सूविधामा गाउँ सभाले वृद्धि गर्न सक्नेछ ।

**(१३) <u>कर्मचारी आचरण:</u>**

(क) एम्बूलेन्स सेवा संचालनमा कार्यरत कर्मचारीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गुराँस गाउपालिका करार कर्मचारी प्रशासन सम्बन्धी कार्यविधि, २०७५ मा व्यवस्था भएका आचारणहरु एवं करारनामामा उल्लेखित शर्त अनुसारका आचारणहरु पालना गर्नूपर्नेछ ।

**(१४) समय:**

(क) एम्बूलेन्स सेवामा संचालनमा कार्यरत सवारी चालकको सेवा संचालन समय चौबीसै घण्टा रहनेछ ।

(ख) एम्बूलेन्स सेवा सवारी चालकले कार्यालय समयलाई मात्र आधार मानी सेवा संचालन गर्छु भन्न पाइने छैन ।

(ग) चौबीसै घण्टा एम्बूलेन्स सेवा चलाए वापत थप सूविधा प्राप्त हूने छैन । तर दफा १२ को उपदफा (क) को खण्ड (४) बमोजिम पाउने सूविधा प्राप्त गर्न भने बाधा पर्ने छैन ।

**परिच्छेद - छ**

## विविध

**(१५) संशोधन**

एम्बूलेन्स सेवा संचालन निर्देशिका संसोधन वा खारेज गर्नु परेमा गाँउ कार्यपालिकाको शिफारिसमा गाउँ सभाबाट गरिनेछ ।

**(१६) बचाउः**

एम्बूलेन्स सेवा सञ्चालन सम्बन्धी यस अघि भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

**(१७) खारेजीः**

एम्बूलेन्स सेवा संचालन सम्बन्धी निर्देशिका, २०७५ अन्य कानुनसँग बाझिएको हकमा बाझिएको दफा स्वत खारेज भएको मानिनेछ

अनुसूची १
(दफा ८ को "क" सँग सम्बन्धित)

एम्बूलेन्स सेवाको स्थानसम्मको रानीमत्ता - हुदै गाउँपालिका अन्तर्गत वा बाहिर स्थान सम्मको दररेट विवरणसस

| **क.सं.** | **कहा देखि कहा सम्म** | **सेवा शुल्क** |
|---|---|---|
| १. | रानीमत्ता गुरा''से - डुङ्गेश्वर - दैलेख | रु.२५००।०० |
| २. | रानीमत्ता गुरा''से - सुर्खेत | रु.२५००।०० |
| ३. | रानीमत्ता गुरा''से - सुर्खेत - नेपालगञ्ज, | रु.५५००।०० |
| ४. | पालिका भरी -गाउ''पालिकाका सबै ठाऊ) | रु.२५००।०० |
| ५. | बर्थिङ सेन्टर | रु.७००।०० |